# जहाँ दलितले कक्षा १२ सम्म नि:शुल्क पढ्न पाउँछन्




गुल्मीको रेसुङ्गा नगरपालिका–८ स्थित सिद्धबाबा माध्यमिक विद्यालयमा दलित समुदायका विद्यार्थीलाई कक्षा १२ सम्म नि:शुल्क अध्ययनको व्यवस्था गरिँदै आएको छ । वडा कार्यालयको पहलमा दलितले उच्च माध्यमिक तहसम्म नि:शुल्क अध्ययनको सुविधा पाएका हुन् । २०७४ को स्थानीय तह निर्वाचनमा रेसुङ्गा–८ को वडाध्यक्षमा निर्वाचित भरत भलामीले पदभार ग्रहण गर्दा दलित, अति विपन्न र एकल महिलाका छोराछोरीलाई कक्षा १२ सम्म नि:शुल्क अध्ययनको व्यवस्था गर्ने घोषणा गरेका थिए । आफ्नो कार्यकालभरि उनले उक्त घोषणा कार्यान्वयन गरे ।

दलित समुदायको वर्चश्व रहेको सो वडामा गरिबीका कारण कतिपय बालबालिकाले अध्ययन गर्न पाएका थिएनन् । पालिकाबाट वडालाई विनियोजित बजेटबाट रकम छुट्याएर ती वर्ग समुदायका विद्यार्थीलाई नि:शुल्क अध्ययनको व्यवस्था गरिएको पूर्व वडाध्यक्ष भलामीले बताए । हालै सम्पन्न स्थानीय तह निर्वाचनमा सो वडाको अध्यक्षमा निरञ्जन काउछा विजयी भए । उनले पनि दलित तथा विपन्न समुदायका बालबालिकालाई उच्च माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क गरी स्वास्थ्य बिमासमेत गराइने जनाए । सिद्धबाबा माध्यमिक विद्यालयकी लेखापाल शारदा भलामी थापाका अनुसार दलित तथा विपन्न परिवारका छोराछोरीको शिक्षाका लागि आर्थिक वर्ष २०७४/०७५ मा ३ लाख ९१ हजार ५ सय शुल्क लागेकोमा ३ लाख ६० हजार रुपैयाँ वडा कार्यालयले भुक्तानी गरेको थियो भने बाँकी रकम विद्यालयले ब्यहोरेको थियो ।

आर्थिक वर्ष २०७६/०७७ मा भने कोभिडका कारण विद्यालय बन्द भयो । आर्थिक वर्ष २०७७/०७८ मा कुल ४ लाख १३ हजार ७ सय शुल्क लागेकोमा ३ लाख ९२ हजार रुपैयाँ वडा कार्यालयले भुक्तानी गरेको थियो भने बाँकी रकम विद्यालयले ब्यहोरेको थियो । सो विद्यालयका प्रधानाध्यापक डोरविक्रम श्रीसले संविधानमा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क भनिए पनि व्यवहारमा सामुदायिक विद्यालयहरुले नि:शुल्क पढाउन नसकेपछि न्युनतम शुल्क लिएर निजी क्षेत्रका विद्यालयमा भन्दा गुणस्तरीय शिक्षा प्रदान गरिँदै आएको बताए । 'हाम्रो विद्यालयमा ५९ जना शिक्षक, स्टाफ छन् । जम्मा २२ जनालाई मात्र सरकारले तलव खुवाउँछ,' उनले भने, 'यसर्थ न्युनतम शुल्क लिएर पढाउन बाध्य छौं ।' उनले माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको मातहतमा हुँदा पनि नि:शुल्क अध्ययनका लागि पहल गर्न नसकेको स्थितिमा रेसुङ्गा नगरपालिका वडा नम्बर ८ का जनप्रतिनिधिले दलित तथा विपन्नका लागि भए पनि चुनौती मोलेर नि:शुल्क शिक्षाको व्यवस्था गरेको बताए । ***-रातोपाटी डटकम***

# अझै उपलब्ध भएन पाठ्यपुस्तक, पठनपाठन प्रभावित



टीकापुरमा कक्षा ४, ७ र ९ को पाठ्यपुस्तक परिवर्तन भएसँगै विद्यालयमा अझै उपलब्ध हुन सकेको छैन । अन्य कक्षाको पठनपाठन नियमित भए पनि यी कक्षामा पाठ्यपुस्तक नपुगेकाले पठनपाठन नियमित हुन सकेको देखिँदैन । नेपाल सरकारको पाठ्यक्रम प्रारुप २०७६ अनुसार यस शैक्षिक सत्रदेखि कक्षा ४, ७ र ९ मा पाठ्यपुस्तक परिवर्तन भएको हो । विद्यार्थीले नयाँ पाठ्यपुस्तक पढ्न पाउनुपर्ने भए पनि अझै हातमा पुस्तक नपुगेको विद्यार्थी वसन्त विकको गुनासो छ । 'किताब छैन, किताब नभएकाले विद्यालयमा नियमित पढाइ हुन सकेको छैन', विकले भने 'किताब नै नभए कसरी पढ्नु ? विद्यालयमा गए पनि किताब छैन भन्दै शिक्षकले पनि पढाउँदैनन् । गएका साथीहरु पनि समयअगावै घर फर्कन्छन् ।'

टीकापुरका सुरेश चौधरी कक्षा ९ मा पढ्छन् । उनले पनि अझै पाठ्यपुस्तक हातमा पाएका छैनन् । पाठ्यपुस्तक नभएर उनले पनि पढ्न पाएका छैनन् । 'स्थानीय तह निर्वाचन लगत्तै जेठ महिनाबाट विद्यालयमा पढाइ सुरु भयो । पढाइ सुरु भएको २० दिनसम्म पनि हामीले पाठ्यपुस्तक पाएका छैनौँ', चौधरीले भने, 'यसले त पछिल्ला कक्षामा पनि असर पार्छ । समयमै पढ्न नपाए कोर्स पूरा हुँदैन । अनि हामीलाई घाटा लाग्छ ।' विद्यालयमा पाठ्यपुस्तक उपलब्ध नहुँदा शिक्षक के, कसरी शिक्षण गर्ने भन्ने कुरामा अन्यौलमा छन् । शिक्षकमा ढिलो गरी पाठ्यपुस्तक आए कोर्ष पछाडि धकेलिन्छ कि भन्ने चिन्ता बढेको पशुपतिनाथ आधारभूत विद्यालयका शिक्षिका शान्ति बुढाले बताइन् । पाठ्यपुस्तक नहुँदा पनि विद्यार्थीलाई व्यस्त राख्न केही न केही क्रियाकलाप गर्न जरुरी छ ।

हातमा पाठ्यपुस्तक नहुँदा उनीहरुलाई व्यस्त राख्न शिक्षकले पाठ्यक्रमका आधारमा उनीहरुलाई अन्य सन्दर्भ पुस्तक शिक्षण गरिरहेको जनजागृति मावि सीतापुरका प्रधानाध्यापक मुक्तिप्रसाद भण्डारी बताउँछन् । 'विद्यार्थीको पढाइलाई सहयोगी हुने खालका अन्य क्रियाकलापमा व्यस्त राख्ने, अन्य किताब अध्ययनमा सघाउने काम गरिरहेका छौँ', प्रधानाध्यापक भण्डारीले भने, 'जसले उनीहरुको अध्ययनमा बाधा नपुगोस्, पढाइमा रुचि लागि रहोस् भन्ने उद्देश्य हो ।' कोर्स नै परिवर्तन भई विविध कारणले पुस्तक छपाइमा ढिलो भएकाले समयमै पुस्तक नपुगेको बताइएको छ । टीकापुर नगरपालिका शिक्षा शाखाले विद्यालयमा पठाइएका स्वअध्ययन सामग्री प्रयोग गर्न सकिने टीकापुर नगरपालिकाका शिक्षा अधिकृत नरेश अवस्थीले बताए । ***-रासस***

**मालपोत कार्यालय तानसेन, पाल्पाबाट जारी भएको श्रेस्ता कायम, नामसारी सम्बन्धी ३५ दिने हकदावी गर्न आउने सार्वजनिक सूचना**

उप्रान्त जिल्ला रुपन्देही साविक देवदह वडा नं.४ हाल देवदह वडा नं. ७ बस्ने चम्फा देवी पुरीले आफ्नो पति सर्वजितका नाउमा दर्ता कायम रहेको पाल्पा मदनपोखरा ७ को कि.नं.१३४२ क्षेत्रफल २-०-०-० को जग्गाको जग्गाधनी प्रमाणपुर्जा हराएको र उक्त जग्गा मृतक जग्गाधनी सर्वजितका नाउमा श्रेस्ता कायम गरी निजको एकमात्र पत्नी निवेदक चम्फा देवी पुरीको नाउमा एकलौटी नामसारी गरिपाउँ भनी तिरो रसिद, सक्कल नागरिकता, मृत्यु दर्ता, नाता प्रमाणित, बसाइसराई, सिफारिस मुचुल्का समेत राखी मिति २०७८/१२/२५ मा निवेदन दिनुभएको ।

यसमा जिल्ला मदनपोखरा वार्ड नं. ७ को कि.नं. १३४२ को जग्गा जग्गाधनी सर्वजितले विक्री गरेका छन् वा छैनन् ? हाल उक्त जग्गामा कसको हकभोग रहेको छ ? जग्गाधनी प्रमाणपुर्जा हराएको हो वा होइन ? हकदार व्यक्तिहरु को-को हुनुहुन्छ ? निवेदक बाहेक अन्य हकदार छन् वा छैनन् ? उक्त जग्गा मृतक जग्गाधनी सर्वजितका नाउमा श्रेस्ता कायम गरी निवेदक चम्फा देवी पुरीका नाउँमा एकलौटी नामसारी गरिदिंदा कोही कसैलाई असर पर्छ वा पर्दैन ? असर पर्ने भएमा वा श्रेस्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिनभित्र यस कार्यालयमा सप्रमाण सहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सर्वसाधारण सबैको लागि जानकारी गराइन्छ ।

इति सम्वत २०७९ साल जेष्ठ १७ गते रोज ३ शुभम्...।

# बजेटमा शिक्षा : कर्मकाण्डकै निरन्तरता




देशमा व्यवस्था परिवर्तनसँगै जारी नयाँ सँविधान पछि भएको निर्वाचनबाट बनेको सरकारले बजेट मार्फत् शिक्षालाई हेर्ने दृष्टिकोणमा कर्मकाण्डी शैलीको निरन्तरता जारी राखेको छ । तत्कालिन सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टिको आन्तरिक कलहले गत वर्ष राजनीति उथल पुथल भयो । सत्ताको बागडोर बदलियो, त्यो अलग कुरा हो । तर त्यही निर्वाचनको जनमतका आधारमा निर्वाचित दलको गठबन्धनबाट बनेको सरकारले पनि शिक्षाका सवालमा आफूलाई पूर्ववत सरकारकै कर्मकाण्डी शैलीमा कायम राखेको छ । यसको पछिल्लो उदाहरण हो - आईतबार संसदको संयुक्त बैठकमा अर्थ मन्त्री जनार्दन शर्माद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को बजेट !

कुल १७ खर्ब ९३ अर्ब ८३ करोड बजेटमा सरकारले आगामी आर्थिक बर्षका लागि शिक्षामा संघीय सरकारका लागि ७० अर्ब ५ करोड, प्रदेशका लागि ५ अर्ब ३२ करोड र स्थानीयका लागि १ खर्ब २१ अर्ब १ करोड गरी १ खर्ब ९६ अर्ब ३८ करोड छुट्याएको छ । गत बर्ष भन्दा रकममा बढि विनियोजन गरिएको भए पनि बजेटको समग्र आकार बढ्दा चालु आर्थिक बर्षमा शिक्षाका लागि छुट्याईएको १० दशमलव ९२ प्रतिशत भन्दा यस पटक को १० दशमलव ९४ प्रतिशत दलका नेताहरुको पूर्व प्रतिवद्धताका अधिल्तिर उनीहरुलाई नै गिज्याउने अँक हो । यस अघि तत्कालिन अर्थ मन्त्री डा. युवराज खतिवडाद्वारा लगातार तीन बर्ष प्रस्तुत बजेटले पनि सत्ताधारी दलका नेतालाई सत्तामा पुग्नु अघि गरेको प्रतिवद्धता पुरा नगर्दा पनि हुन्छ भन्ने मानक बनाउन सघाएकै थियो । नयाँ संविधान जारी भए सँगै पहिलो पटक हुँदै गरेको संघीय निर्वाचनमा जानु अघि तत्कालिन बाम गठबन्धनले जारी गरेको घोषणा पत्रमा शिक्षामा कुल बजेटको कम्तिमा २० प्रतिशत तर्जुमा गर्ने प्रतिवद्धता थियो । त्यही घोषणा पत्रका आधारमा सत्ताको बाटो तय गरेकाहरुले उक्त प्रतिवद्धता पुरा नगरेरै शिक्षा प्रतिको उदासिनतालाई निरन्तरता दिदैं आएका थिए । यो क्रम चालु आर्थिक बर्ष २०७८/७९ का लागि दोश्रो पटक संसद विघटन गरेको नवौं दिनमा सरकारले अध्यादेश मार्फत् सार्वजनिक गरेको बजेट सम्म पनि जारी रह्यो । प्रधानमन्त्री कार्यालयको ग्यालरी बैठकमा प्रधानमन्त्री, मन्त्रीहरु, सरकारी कर्मचारी र सरकारले बोलाएका केही अन्य व्यक्तिहरुका बिच तत्कालिन अर्थ मन्त्री विष्णु पौडेलले १६ खर्ब ४७ अर्ब ५७ करोड रुपैयाँको कुल बजेटमा शिक्षा क्षेत्रका लागि १ खर्ब ८० अर्ब ४ करोड विनियोजन गरेका थिए । सत्तामा जानु अघि शिक्षा बजेट वृद्धि गरेर २० प्रतिशत पुऱ्याउने नारा नफलाक्ने दल शायदै होलान् ।

झण्डै दुई तिहाई बहुमत सहित सत्ता सम्हालेको तत्कालिन प्रधानमन्त्री केपी ओली नेतृत्वको यस अघिको सरकारले ल्याएको एउटा नराम्रो मानक बनेको चार वर्षको बजेटकै निरन्तरता यस पटक पनि कायम रहेको छ । पटक पटक संसद विघटन गरेर तत्कालिन प्रधानमन्त्री ओलीले व्यवस्था नै धरापमा पारेको भन्दै एकजुट भएका पाँच दलीय गठबन्धनको सरकारले ल्याएको बजेट हेर्दा सिधै भन्न सकिन्छ - दलका नेताहरुको प्राथमिकतामा शैक्षिक सुधार परेको छैन । हरेक सय जनामा ८० जना नेपालीका सन्तान पढ्ने सार्वजनिक विद्यालयको शैक्षिक सुधार र व्यवस्थापनका लागि पर्याप्त श्रोतको खाँचो छ । हुनेखानेले त महँगा निजी विद्यालयमा सन्तानलाई पढाउन सक्छन् । तर पिँधका नागरिकका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न राज्यले सार्वजनिक शिक्षामा लगानी बढाउनुको विकल्प छैन । अन्तर्राष्ट्रिय मञ्चहरुमा तिनै पिँधका नागरिक लक्षित गर्दै शिक्षा बजेट २० प्रतिशत पुर्याउँछु भन्दै प्रतिवद्धता जनाउने राज्य तदनुरुप आवश्यक कार्य गर्ने बेला किन यो हदको शैली अपनाउँछ ? सबै दल र तिनका नेताले उही शैली निरन्तर राख्नुको अर्थ के हो ? प्रश्न गम्भिर छ । समकालिन दल र तिनका नेताहरु झट्ट देखिने कुरा नै विकास हो भन्ने बुझाईबाट बाहिर निस्कन चाँहदैनन् वा सक्दैनन् भन्ने आरोप सहि सावित गर्न उनीहरुका यस्तै कृत्य पर्याप्त छन् । भन्ने बेलामा समाजवाद उन्मुख समाज निर्माण भन्ने तर समाजवादको निर्माण गर्ने प्रमुख आधार स्तम्भ सार्वजनिक शिक्षा माथि गर्ने लगानी प्रति निरन्तर उदासिन हुने चरित्र किन कायम छ ?

गुणस्तरीय सार्वजनिक शिक्षा मार्फत् शैक्षिक सुधार गर्दै समाज विकासको दीर्घकालिन बाटो हिँड्न झ्याउलो मान्ने तर अग्ला अग्ला टावर नै विकासको मानक हो भन्ने दर्शनबाट निर्देशित भईरहन दलका नेताहरु ईच्छुक हुन् ? गुणस्तरीय सार्वजनिक शिक्षा प्रतिको यो हदको अनुत्तरदायी शैली अपनाएरै हो समाजवादमा पुगिने ? यस्ता प्रश्नको सपाट उत्तर दिएर सत्ताधारी दलले आफूहरुले भन्दै आएको र संविधानले निदृष्ट गरेको समाज निर्माण तर्फ केन्द्रित हुन विलम्ब नगरुन् ।

***-एडुखबर डटकम***

**Kaligandaki Rural Municipality**
**Office of Rural Municipal Executive**
**Birgha, Syangja**

## Invitation for Catalogue Shopping of Vehicle

***Date of publication: 6th June 2022, ( 23th Jestha, 2079)***

Office of Rural Municipal Executive, Kaligandaki Rural Municipality, Syangja intends to procure backhoe loader as listed on the table below, under the Catalogue Shopping procedure as described on the Public Procurement Act, 2063. All eligible manufacturers or authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specifications, price and services within 10(ten) days of first publication date during office hour at Office of Rural Municipal Executive, Kaligandaki Rural Municipality, Syangja. The manufacturers or authorized dealer must submit Copy of Firm registration certificate, copy of business registration certificate, Copy of VAT and PAN Registration Certificate, Copy of Tax Clearance certificate for the FY 2077/78 and the letter of authorization along with the application. The detailed specification can be collected from Office of Rural Municipal Executive, Kaligandaki Rural Municipality or website (kaligandakiruralmunicipality@gmail.com)

| Vehicle Type | General Specification | Quantity | Remark |
|---|---|---|---|
| Backhoe Loader | - Maximum power not less than 90HP with minimum 350 NM Torque<br>-Torque converter with four speed synchromesh type of transmission<br>- Ground Clearance minimum 350mm<br>- Suitable Hydraulic pumps flow not less than 117 LPM and system pressure not less than 225 bar | 1 unit | Specification not included in this notice shall be as per approved Technical Specification published in website. |